PAN No.: 601075869

फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
FORWARD Microfinance Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत-पत्र प्राप्त वित्तीय संस्था-"राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको" Co. Regd.No.: 97254/069/70, NRB License No.: 29/069/70

प.स. /२०८०/०८१

Ref: चं.नं. २६६/२०८०/८१

Date: मिति : २०८०/०९/०६

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

विषय : बार्षिक साधारणसभाका लागि बुक क्लोज सम्बन्धमा ।

महोदय,

यस लघुवित्त वित्तीय संस्था लिमिटेडको ११औं बार्षिक साधारणसभा मिति २०८०/०९/२७ गते हुन गई रहेको व्यहोरा अनुरोध छ। साथै सो साधारणसभाको प्रयोजनका लागि मिति २०८०/०९/१८ गते यस वित्तीय संस्थाको शेयर दाखिल खारेज किताब बन्द (Book Close) राखी सो कारोबार रोक्का राख्ने व्यबस्थाका लागि अनुरोध छ। यस सम्बन्धमा २०८०/०९/०६ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकासित समेत गरिएको व्यहोरा अनुरोध छ।

भवदीय,

कृष्णप्रसाद भट्टराई
कम्पनी सचिव

**बोधार्थ,**

(१) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक ।
(२) एमएमबी क्यापिटल लि, नागपोखरी, नक्साल ।

केन्द्रीय कार्यालय : दुहबी-२, सुनसरी
फोन नं.: ०२५-५४००१८, फ्याक्स नं. ०२५-५४१४८३
काठमाण्डौ सम्पर्क : सिनामंगल-९, काठमाण्डौं

Central Office, Duhabi-2, Sunsari, Nepal
Phone No. 977-25540018, Fax No.: 977-25541483
Kathamndu Contact : Sinamangal-9, Kathmandu, Nepal
Phone No.: +977-14112162, Fax No.: +977-14112315

FORWARD
फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : दुहवी -२, सुनसरी, नेपाल
फोन नं. ०२५-५४००१८, फ्याक्स नं. ०२५-५४१४८३

# ११औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०६)

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/०९/०५ गते बसेको १४३औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको ११औं वार्षिक साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न तपसिलमा उल्लेखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सभा हुने मिति, समय र स्थान

मिति : २०८० पौष २७ गते शुक्रबार (तदनुसार १२ जनवरी, २०२४)
समय : बिहान ११.०० बजे
स्थान : दिनेश चौधरी स्मृति प्रतिष्ठानको सभाहल, दुहवी, सुनसरी।

## छलफलका विषयहरु

**(क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ. व.२०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनूसुचिहरु उपर छलफल गरी पारित गर्ने।

३. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/०८१ को कारोबारको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

४.

**(ख) विशेष प्रस्तावहरु :**

१. यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने प्रयोजनकालागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सोका आधारमा सैद्धान्तिक स्वीकृतिकालागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने लगाएतका सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा।

५.

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## ११औं बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी

१. बार्षिक साधारणसभा प्रयोजनकालागि मिति २०८०/०९/१८ गते यस वित्तीय संस्थाको शेयर दाखिला खारेज किताब बन्द रहनेछ। मिति २०८०/०९/१७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई नियमानुसार तोकिएको समयसम्ममा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबी क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले साधारणसभामा भाग लिन योग्य हुनुहुनेछ।

२. सभामा प्रवेशकालागि शेयरधनी महानुभावहरुले आफ्नो कुनै परिचय पत्र सहित शेयरधनी नं. वा वित्तीय संस्थाको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनीको हकमा BOID (हितग्राहि परिचय नम्बर) प्रस्तुत गर्नु पर्नेछ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थानमा सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु पर्नेछ। हाजिरी किताव सो दिन बिहान १० बजेदेखि खुल्ला रहनेछ।

४. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्ती भई आउने व्यक्ति वित्तीय संस्थाको शेयरधनी मध्येबाट नै हुनु पर्नेछ। प्रोक्सी फर्म सभा हुनुभन्दा ४८घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी सुनसरीमा दर्ता गराउनु पर्नेछ। प्रोक्सी फारम यस वित्तीय संस्थाको वेवसाइट www.forwardmfbank.com.np बाट प्राप्त गर्न सकिनेछ। एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रोक्सी दिएमा पछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित हुन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८घण्टा अगावै यस वित्तिय संस्थाको रजिर्ष्टर्ड कार्यालय, दुहवी, सुनसरीमा प्राप्त हुने गरी सो को सुचना पठाउनु पर्नेछ।

६. नावालक वा अशक्त शेयरधनीको तर्फबाट लगत कितावमा उल्लेखित संरक्षकले मात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नु हुनेछ।

७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारममा संस्थाको छाप र आधिकारीक दस्तखत हुनु पर्नेछ।

८. विविध शीर्षक अन्तर्गत गर्नु पर्ने छलफलका विषयबारे सभा हुने दिनभन्दा ७ दिन अगावै कार्यालय समयभित्र अध्यक्षज्यूलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी सुनसरीमा लिखित जानकारी दिनु पर्नेछ। उक्त लिखित जानकारीलाई औचित्यता हेरी छलफलमा समावेश गर्न सक्ने भएतापनि पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

९. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ।

१०. वार्षिक प्रतिवेदन सम्बन्धी विवरण र साधारणसभा सम्बन्धी अन्य जानकारीकालागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, दुहवी सुनसरीमा कार्यालय समयभित्र सम्पर्क राख्न वा यस वित्तीय संस्थाको वेवसाइट www.forwardmfbank.com.np बाट प्राप्त गरी लिन र हेर्न सकिनेछ।

११. सभामा व्याग तथा नावालक लिएर प्रबेश नगरिदिन हुन अनुरोध छ।